सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ९ ♦ अंक २५८ ♦ २०८३ साल जेष्ठ १९ मंगलवार ♦ 2 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## मधेस प्रदेशको नीति तथा कार्यक्रममाथि आजदेखि प्रदेशसभामा बहस




**खबर दर्पण समाचारदाता**

**जेष्ठ १८ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि आजदेखि प्रदेशसभामा विस्तृत छलफल सुरु हुँदैछ।

प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार आज दिउँसो १ बजे बस्ने प्रदेशसभाको बैठकमा नीति तथा कार्यक्रममाथिको सैद्धान्तिक छलफल प्रारम्भ गरिने कार्यसूची रहेको छ।

यसअघि मधेस प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले यही जेठ १५ गते नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेशसभाको संयुक्त बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सरकारले आगामी वर्षको नीति तथा कार्यक्रममा विशेष गरी कृषिलाई मुख्य प्राथमिकतामा राखेर आफ्ना योजनाहरू अघि सारेको छ।

कुल २७ पृष्ठ लामो उक्त नीति तथा कार्यक्रमको दस्ताबेजमा कृषि उत्पादनमा वृद्धि, माटोको स्वास्थ्यमा सुधार, स्थानीय उत्पादनको प्रवर्द्धन, व्यापक र ोजगारी सिर्जना तथा शिक्षा क्षेत्रको चौतर्फी सुधार जस्ता महत्त्वपूर्ण विषयहरूलाई जोडतोडका साथ समेटिएको छ। सरकारले प्रदेशको विकास र समृद्धिका लागि विभिन्न आकर्षक नाराहरूसहित आफ्ना योजनाहरू सार्वजनिक गरेको छ। जसमा कृषि क्षेत्रको विकासका लागि 'मेड इन मधेस, समृद्ध प्रदेश' र 'किसानको शान, मधेसको मखान, कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार ' जस्ता कार्यक्रमहरू ल्याइएका छन्।

यसैगरी रोजगारी सिर्जना र शिक्षाको स्तर उकास्नका लागि सरकारले 'आफ्नै प्रदेश, आफ्नै रोजगारी' तथा बालबालिकालाई विद्यालय पठाउने अभियान अन्तर्गत 'अप्पण बच्चाके स्कूल पठाऊ, साक्षरता के दीप जलाऊ' जस्ता लोकप्रिय नार ाहरूलाई नीति तथा कार्यक्रमको मुख्य प्राथमिकतामा राखेको छ। प्रदेशसभामा आजदेखि सुरु हुने नीति तथा कार्यक्रममाथिको छलफल सम्पन्न भएपछि प्राप्त सुझाव र आवश्यकताका आधारमा संशोधनसहित यसलाई पारित गर्ने प्रक्रिया अघि बढाइने सचिवालयले जनाएको छ। यो नीति तथा कार्यक्रम पारित भएपछि प्रदेश सरकारले आगामी असार १ गते आर्थिक वर्ष २०८३/८४ को पूर्ण बजेट सार्वजनिक गर्ने आन्तरिक तयारी तीव्र पारेको छ।

## कमला पुल निर्माणको लागि मधेश प्रदेशसभाका सभामुख यादवलाई ज्ञापनपत्र



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १८ गते, बर्दिवास**

आगामी आर्थिक वर्ष २०८३/०८४ को संघीय बजेटमा नयाँ कमला पुल निर्माणका लागि बजेट विनियोजन नभएपछि नयाँ कमला पुल निर्माण संघर्ष समिति पुनः आन्दोलनमा उत्रिएको छ ।

समितिले सोमबार मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवलाई ज्ञापनपत्र बुझाउँदै पुल निर्माण प्रक्रिया तत्काल अघि बढाउन माग गरेको हो ।

संघर्ष समितिले प्रदेशसभा परिसरमा विरोध प्रदर्शनसमेत गर्दै संघीय सरकारले पूर्व सहमति विपरीत बजेट व्यवस्था नगरेको भन्दै असन्तुष्टि जनाएको छ ।

समितिका संयोजक इन्जिनियर प्रविण यादवले संघीय सरकार सँग भएको सहमतिअनुसार पुल निर्माणका लागि बजेटको व्यवस्था हुने अपेक्षा गरिए पनि बजेटमा कुनै रकम नछुट्याइएकाले आफूहरू बाध्य भएर आन्दोलनमा उत्रिएको बताउनुभयो।

इन्जिनियर यादवका अनुसार नयाँ कमला पुल निर्माणका विषयमा संघर्ष समिति र मधेश प्रदेश सरकारबीच यसअघि भएको सहमतिअनुसार आर्थिक वर्ष २०८३/०८४ को संघीय बजेटमार्फत आवश्यक रकम व्यवस्थापन गर्न पहल गर्ने समझदारी भएको थियो ।

संघीय सरकारले बजेट उपलब्ध नगराएको अवस्थामा पुल निर्माणको सम्पूर्ण लागत मधेश प्रदेश सरकारले आफ्नै स्रोतबाट व्यहोर्ने र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीका लागि बोलपत्र आह्वान गर्ने सहमति पनि भएको थियो ।

तर, संघीय बजेटमा पुल निर्माणका लागि कुनै व्यवस्था नगरिएपछि प्रदेश सरकारलाई आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्न दबाब दिन प्रदेशसभामार्फत ध्यानाकर्षण गराइएको संयोजक यादवले बताउनुभयो ।

सभामुख यादवलाई बुझाइएको ज्ञापनपत्रमा संघीय सरकारले बजेट नदिएको अवस्थामा मधेश प्रदेश सरकारले आफ्नै स्रोतबाट आवश्यक बजेट सुनिश्चित गरी निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन माग गरिएको छ ।

मागप्रति बेवास्ता गरिए थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी पनि समितिले दिएको छ ।

सिरहा र धनुषा जिल्लालाई जोड्ने प्रस्तावित नयाँ कमला पुल वर्षौंदेखि स्थानीयवासीको प्रमुख मागका रूपमा रहँदै आएको छ ।


पुल निर्माण भए आवागमन सहज हुनुका साथै दुई जिल्लाबीचको आर्थिक तथा सामाजिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने स्थानीयवासीको विश्वास छ ।

संघर्ष समितिले अब आश्वासनभन्दा पनि कामको स्गुरुवात आवश्यक रहेको उल्लेख गर्दै सरकारलाई तत्काल निर्णय गरी पुल निर्माण प्रक्रिया अघि बढाउन आग्रह गरेको छ।


# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुरधाम उपमहानगरपालिका द्वारा संस्थागत विद्यालयको मासिक शुल्कको अधिकतम सीमा निर्धारण



**खबर दर्पण समाचारदाता**
**जेठ १८ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगरपालिकाले आगामी शैक्षिक सत्र २०८३ का लागि उपमहानगरपालिकाभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरूले लिन पाउने मासिक शुल्कको अधिकतम सीमा (सिलिङ्) निर्धारण गरेको छ।

नगर शिक्षा समितिको जेठ १६ गते बसेको बैठकको निर्णयअनुसार विद्यालयको वर्गीकरणका आधारमा शुल्कको सीमा निर्धारण गरिएको हो।

उपमहानगरपालिकाले जारी गरेको सूचनाअनुसार अब संस्थागत विद्यालयहरूले तोकिएको शुल्क सीमाभन्दा बढी रकम असुल गर्न पाउने छैनन्। निर्धारित शुल्क संरचनाअनुसार ईसीडीदेखि कक्षा १० सम्मका विद्यार्थीका लागि विद्यालयको 'क', 'ख', 'ग' र 'घ' वर्गका आधारमा फरक फरक शुल्क तोकिएको छ।

क वर्गका विद्यालयले कक्षा १० सम्म मासिक ८ हजार रुपैयाँसम्म शुल्क लिन पाउने व्यवस्था गरिएको छ भने अन्य वर्गका विद्यालयका लागि पनि न्यूनतम र अधिकतम शुल्क सीमा तय गरिएको छ।

उपमहानगरपालिकाले मासिक शुल्कबाहेक अन्य शीर्षकमा लिइने शुल्कसमेत नियमन गरेको छ।

विद्यालयले लिने अतिरिक्त शुल्कहरू विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ तथा संस्थागत विद्यालय मापदण्ड निर्देशिका-२०८१ बमोजिम मात्रै लिनुपर्ने उल्लेख गरिएको छ।

शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा निर्धारित शुल्क संरचना अनिवार्य रूपमा कार्यान्वयन गर्न सबै संस्थागत विद्यालयलाई निर्देशन दिइएको छ।

उपमहानगरपालिकाको यो निर्णयले निजी विद्यालयको शुल्क व्यवस्थापनमा एकरूपता ल्याउनुका साथै अभिभावकमाथि पर्ने आर्थिक भार नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

# सडक दुर्घटना औसतमा दैनिक ७.५ जनाको मृत्यु र १३७ जना घाइते हुने गर्दछ

**खबर दर्पण समाचारदाता**
**जेठ १८ गते, महेन्द्रनगर**

नेपालमा सडक दुर्घटना अझै पनि गम्भीर सार्वजनिक चुनौतीका रूपमा कायम रहेको तथ्याङ्कले देखाएको छ।

पछिल्लो अवधिमा देशभर २५ हजार ८११ वटा सवारी दुर्घटना हुँदा २ हजार २७५ जनाले ज्यान गुमाएका छन् भने ४० हजार ९६० जना घाइते भएका छन्।

औसतमा दैनिक ७.५ जनाको मृत्यु र १३७ जना घाइते हुने गरेको तथ्याङ्क सार्वजनिक गर्दै सरोकारवालाहरूले सडक सुरक्षालाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्नेमा जोड दिएका छन्।

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागअन्तर्गतको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराको सहकार्यमा आयोजना गरेको 'ट्राफिक व्यवस्थापन समीक्षा गोष्ठी' मा सहभागी वक्ताहरूले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्र नभई राज्य, स्थानीय तह, चालक, यात्रु र आम नागरिक सबैको साझा जिम्मेवारी भएको बताएका हुन्।

गोष्ठीका प्रमुख अतिथि तथा मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले सडक दुर्घटनाले प्रत्येक वर्ष हजारौं नेपाली परिवारलाई पीडामा धकेलिरहेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि व्यवहारिक कार्यक्रम आवश्यक रहेको बताए।

'नेपालमा हरेक वर्ष करिब २५ सय नागरिकले सडक दुर्घटनामा ज्यान गुमाइरहेका छन्। यो संख्या कुनै महामारीभन्दा कम पीडादायी छैन,'मन्त्री महतोले भने, 'सडक सुरक्षा प्रवर्द्धनका लागि कानुनी व्यवस्था, प्रभावकारी कार्यान्वयन र जनचेतनालाई सँगसँगै अगाडि बढाउनुपर्छ।'

उनले मधेश प्रदेश सरकारले विद्यालय तहदेखि सडक सुरक्षा शिक्षा विस्तार गर्ने नीति लिएको जानकारी दिँदै यस वर्ष सडक सुरक्षा तथा ट्राफिक सचेतनाका कार्यक्रम सञ्चालन गर्न २ करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए।

'दुर्घटना भएपछि उपचार र राहतमा खर्च गर्नु भन्दा दुर्घटना हुनै नदिने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो,'उनले भने।

मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले नेपालमा सवारी साधनको संख्या तीव्र रूपमा बढिरहेको तर सोही अनुपातमा सडक पूर्वाधार विस्तार हुन नसकेको बताइन्।

उनका अनुसार हाल देशभर दर्ता भएका सवारी साधनको संख्या ६६ लाख ७० हजार ६३८ पुगेको छ। 'सवारी संख्या वर्षेनी बढिरहेको छ। तर, सडकको चौडाइ, पार्किङ व्यवस्थापन, पैदल यात्रुका लागि सुरक्षित पूर्वाधार र ट्राफिक प्रविधिको विकास सोही अनुपातमा हुन सकेको छैन,'मन्त्री थापाले भनिन्।

उनले चालक अनुशासन, सार्वजनिक यातायात सुधार तथा आधुनिक ट्राफिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेर प्रदेश सरकार अगाडि बढिरहेको बताइन्।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलियाले सीमित स्रोत-साधन र संरचनात्मक चुनौतीबीच ट्राफिक प्रहरीले काम गरिरहेको बताए।

उनका अनुसार देशभर ट्राफिक प्रहरी कार्यालयतर्फ २ हजार ७७० जनाको दरबन्दी भए पनि हाल ४ हजार ४१२ जना कार्यरत रहेको बताए। उनले यो संख्या स्वीकृत दरबन्दीभन्दा करिब ५९ प्रतिशत बढी रहेको बताए।

'नेपाल प्रहरीको कुल दरबन्दीमध्ये ट्राफिक प्रहरीको हिस्सा ३.५ प्रतिशत मात्र छ,'उनले भने, 'सवारी संख्या र सडक सञ्जालको विस्तार हेर्दा अहिलेको जनशक्ति पर्याप्त छैन। तथापि उपलब्ध स्रोतलाई अधिकतम उपयोग गरेर सेवा दिइरहेका छौं।'

उनले ट्राफिक व्यवस्थापनलाई आधुनिक र प्रविधिमैत्री बनाउन विभिन्न प्रणाली सञ्चालनमा ल्याइएको जानकारी दिए।

हाल देशका ७७ जिल्लाका २२८ स्थानमा ट्राफिक भायोलेन्स रेकर्डिङ सिस्टम (त्भ्ब्) सञ्चालनमा रहेको, ४१ स्थानमा डबल ड्राइभर निगरानी (TCA) प्रणाली लागू गरिएको तथा ६६ मध्ये ४९ वटा ANPR क्यामेरा सञ्चालनमा रहेको नेपाल प्रहरी प्रधान कार्यालय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारीले बताए।

'प्रविधिको प्रयोग बढाउँदै नियम उल्लंघनलाई न्यून गर्ने प्रयास भइरहेको छ,'उनले भने। तिवारीले सडक सुरक्षाको अवस्था, चुनौती र सुधारका प्रयासबारे विस्तृत प्रस्तुति दिएका थिए।

उनले देशभरका सडकमा रहेका ४०१ वटा ब्याक स्पट (दुर्घटना जोखिम क्षेत्र) पहिचान गरी म्यापिङ सम्पन्न गरिएको जानकारी दिए। 'जहाँ दुर्घटना बढी हुने गरेका छन्, ती स्थान पहिचान गरेर सम्बन्धित निकायलाई सुधारका लागि सुझाव पठाइएको छ,'एसएसपी तिवारीले भने।

उनका अनुसार ट्राफिक प्रहरीका लागि स्वीकृत कार्यालय संख्या ७७९ रहेकामा १४४ स्थायी र ६३५ अस्थायी संरचनामार्फत सेवा सञ्चालन भइरहेको छ। सातै प्रदेशमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरू क्रियाशील छन्।

उनले पछिल्ला वर्षहरूमा ट्राफिक व्यवस्थापनमा केही सुधार भए पनि चुनौती अझै धेरै रहेको बताए। 'भौतिक पूर्वाधारको विकास सवारी साधनको वृद्धिदरअनुसार हुन सकेको छैन। केही वर्षअघि भएका आन्दोलनका क्रममा ट्राफिक पूर्वाधारमा क्षति पुगेको थियो। अझै पनि धेरै स्थानमा आधुनिक प्रविधिमा आधारित ट्राफिक व्यवस्थापन प्रणालीको अभाव छ,'उनले बताए।

गोष्ठीमा वक्ताहरूले 'Road SafetyM Responsibility of All' भन्ने मूल नारालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका थिए। उनीहरूले सडक दुर्घटना न्यूनीकरणका लागि चालक प्रशिक्षण, विद्यालयस्तरीय सचेतना, सडक पूर्वाधार सुधार, प्रविधिको प्रयोग, कानुनको कडाइका साथ कार्यान्वयन तथा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक रहेको निष्कर्ष निकाले।

सहभागीहरूले सडक दुर्घटनालाई ट्राफिक नियम उल्लंघनको विषय मात्र नभई सार्वजनिक स्वास्थ्य, आर्थिक विकास र सामाजिक सुरक्षासँग जोडिएको राष्ट्रिय मुद्दाका रूपमा हेर्नुपर्ने बताए। नेपालमा प्रतिवर्ष हजारौं मानिस दुर्घटनामा परी ज्यान गुमाइरहेका र दशौं हजार घाइते भइरहेका अवस्थामा सडक सुरक्षालाई राज्यको प्राथमिक एजेण्डा बनाउनुपर्ने आवाज गोष्ठीभर बलियो रूपमा उठेको थियो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भारतबाट नेपाल प्रवेश गर्ने सवारीको अनलाइन भन्सार अभिलेखले सेवाग्राहीलाई सास्ती



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेष्ठ १८ गते, महोत्तरी**

भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनको भन्सार अभिलेख अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था लागू भएपछि सीमावर्ती क्षेत्रका सेवाग्राहीले सास्ती खेप्नुपरेको गुनासो गरेका छन्। महोत्तरीको मलिवाडा-भिठामोड भन्सार नाकामा भारतबाट नेपाल प्रवेश गर्ने सवारी चालक तथा यात्रुहरू भन्सार प्रक्रिया पूरा गर्न तीनदेखि चार घण्टासम्म लाइनमा बस्न बाध्य भएका छन्। भन्सार कार्यालयले आवश्यक पूर्वतयारी, पर्याप्त जनशक्ति तथा प्राविधिक व्यवस्थापनबिना नयाँ प्रणाली लागू गर्दा समस्या भएको सेवाग्राहीको भनाइ छ।

भारतको बिहारबाट नेपाल आउने सवारीधनीहरूले अनलाइन दर्ता प्रक्रिया जटिल हुनुका साथै भन्सार कार्यालयमा पर्याप्त सहयोग नपाउँदा बिचौलियाको सहारा लिनुपरेको बताएका छन्। अनलाइन फारम भर्ने तथा दर्ता गरिदिने नाममा बिचौलियाले प्रतिगाडी रु २०० देखि रु ५०० सम्म असुल्ने गरेको उनीहरूको आरोप छ।

सेवाग्राहीहरूले अनलाइन प्रणालीबारे पर्याप्त जानकारी नहुँदा र कार्यालयमा सहायता व्यवस्था प्रभावकारी नहुँदा अतिरिक्त खर्च बेहोर्नुपरेको बताएका छन्।

स्थानीय व्यवसायी तथा यात्रुहरूले डिजिटल प्रणाली लागू गर्नु सकारात्मक कदम भए पनि आवश्यक पूर्वाधार, सूचना प्रवाह र प्राविधिक सहयोग सुनिश्चित नगरी कार्यान्वयन गर्दा सर्वसाधारणले दुःख पाएको बताएका छन्। उनीहरूले भन्सार कार्यालयमा थप कम्प्युटर, प्राविधिक कर्मचारी तथा सहायता कक्षको व्यवस्था गर्न माग गरेका छन्।

भन्सार कार्यालय जलेश्वरका प्रमुख राजेन्द्र बस्नेतले नयाँ प्रणाली कार्यान्वयनको प्रारम्भिक चरण भएकाले केही समस्या देखिएको स्वीकार गर्दै क्रमशः व्यवस्थापन सुधार गरिने बताए। सीमावर्ती क्षेत्रमा दैनिक सयौँ भारतीय सवारी साधन नेपाल प्रवेश गर्ने भएकाले अनलाइन भन्सार प्रणालीलाई सहज, सरल र प्रभावकारी बनाउन तत्काल आवश्यक व्यवस्थापन गर्नुपर्ने आवाज उठ्न थालेको छ।

# पत्रकार नरेन्द्र महतोको सञ्चार सामग्री खोसिएको घटनाप्रति पत्रकार महासङ्घ महोत्तरीको ध्यानाकर्षण

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १८ गते, बर्दिवास**

समाचार सङ्कलनका क्रममा जि.ई. खबरका पत्रकार नरेन्द्र महतोमाथि दुर्व्यवहार गरी सञ्चार सामग्री खोसिएको घटनाप्रति नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।



महासङ्घका सचिव रामनारायण महतोद्वारा जारी विज्ञप्तिअनुसार आइतबार महोत्तरीको गौशालामा भइरहेको विरोध प्रदर्शनको समाचार सङ्कलनका लागि खटिएका पत्रकार महतोमाथि केही व्यक्तिको समूहले दुर्व्यवहार गर्नुका साथै मोबाइलसहितका सञ्चार सामग्री नियन्त्रणमा लिएको हो। महासङ्घले उक्त घटनालाई अत्यन्त निन्दनीय तथा प्रेस स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेपका रूपमा व्याख्या गरेको छ।

विज्ञप्तिमा गौशाला बजार अतिक्रमणसम्बन्धी विषयमा निरन्तर समाचार प्रकाशन तथा प्रसारण हुँदै आएको सन्दर्भमा पत्रकार महतोमाथि यस्तो व्यवहार गरिएको उल्लेख गर्दै घटनाको घोर भर्त्सना गरिएको छ। प्रकाशित वा प्रसारित समाचारप्रति असहमति भए कानुनी उपचार खोज्ने पर्याप्त व्यवस्था हुँदाहुँदै कानुनलाई आफ्नै हातमा लिएर पत्रकार माथि दबाब सिर्जना गर्ने, समाचार तथा दृश्य सामग्री सङ्कलनमा अवरोध पुऱ्याउने तथा सञ्चारकर्ममा हस्तक्षेप गर्ने कार्य प्रेस स्वतन्त्रता र विधिको शासनमाथिको गम्भीर प्रहार भएको महासङ्घको भनाइ छ।

घटनामा संलग्न व्यक्तिलाई तत्काल कानुनी दायरामा ल्याउन, पत्रकारको पेशागत सुरक्षा सुनिश्चित गर्न तथा प्रेस स्वतन्त्रताको संरक्षण गर्न सम्बन्धित निकाय र स्थानीय प्रशासनसँग महासङ्घले जोडदार माग गरेको छ। साथै, भविष्यमा यस्ता घटना पुनः नदोहोरिने वातावरण निर्माणका लागि आवश्यक तथा कडा कदम चाल्नसमेत आग्रह गरेको छ।

# मुक्त हरवाचरवाको पुनर्स्थापनाका लागि सरकारलाई दबाब




**खबर दर्पण समाचारदाता**
**जेष्ठ १८ गते, बर्दिवास**

मुक्त हरवाचरवा अधिकार मञ्चले मुक्त हरवाचरवा समुदायको न्यायपूर्ण पुनर्स्थापना, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवन सुनिश्चित गर्न माग गर्दै संघीय सरकार समक्ष ध्यानाकर्षण गराएको छ।

मञ्चले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रीलाई सम्बोधन गरिएको मागपत्र मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमार्फत एकैसाथ बुझाएको जनाएको छ। सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालन गरिएको उक्त अभियानमा पाँच सयभन्दा बढी मुक्त हरवाचरवा अगुवाको सहभागिता रहेको मञ्चले जनाएको छ।

मञ्चका अनुसार सरकारले २०७९ साउन २ गते हरवाचर वा समुदायलाई बाध्यकारी श्रमबाट मुक्त घोषणा गरे पनि झण्डै चार वर्ष बितिसक्दा पुनर्स्थापनाको कार्य प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। मधेश प्रदेशका हजारौँ मुक्त हरवाचरवा परिवार अझै पनि भूमिहीनता, असुरक्षित आवास, बेरोजगारी, अशिक्षा, सामाजिक बहिष्करण तथा गरिबीको चक्रमा बाँच्न बाध्य रहेको मञ्चको दाबी छ।

मागपत्रमा महिला, बालबालिका, किशोरी तथा ज्येष्ठ नागरिकहरू बालश्रम, बालविवाह, कुपोषण, श्रम शोषण, लैङ्गिक विभेद तथा सामाजिक असुरक्षाको उच्च जोखिममा रहेको उल्लेख गरिएको छ। मुक्त हरवाचरवा समुदायको व्यवस्थित तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा सामाजिक सुरक्षा योजनामा पहुँच सुनिश्चित हुन नसकेकोप्रति पनि चिन्ता व्यक्त गरिएको छ।

मञ्चले विसं २०७८ मा गठित 'मुक्त कमैया, हलिया, कमलरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति'का सिफारिस कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ। समितिले मुक्त हरवाचरवाको पहिचान, प्रमाणीकरण, ऋण खारेजी, भूमि तथा सुरक्षित आवाससहित पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी सुझाव दिए पनि ती कार्यान्वयन हुन नसकेको मञ्चको भनाइ छ।

मागपत्रमार्फत आगामी आर्थिक वर्षभित्र आठवटै जिल्लामा घर धुरीस्तरको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण सम्पन्न गर्न, पुनर्स्थापनासम्बन्धी कार्यविधि, मापदण्ड र कार्ययोजना मन्त्रिपरिषद्बाट तत्काल स्वीकृत गर्न तथा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी स्पष्ट गर्न माग गरिएको छ।

त्यसैगरी प्रत्येक मुक्त हरवाचर वा परिवारलाई जीविकोपार्जनयोग्य कृषि भूमि, सुरक्षित आवास, खानेपानी, शौचालय र विद्युत्जस्ता आधारभूत सेवा उपलब्ध गराउनुपर्ने माग गरिएको छ। भूमिहीन तथा जोखिमपूर्ण स्थानमा बसोबास गरिरहेका परिवारलाई जबर्जस्ती विस्थापन र बेदखलीबाट संरक्षण गर्न विशेष कानुनी व्यवस्था आवश्यक रहेको मञ्चले जनाएको छ।

मञ्चले मुक्त हरवाचरवा युवाका लागि सीपमूलक तालिम, स्वरोजगार, सहुलियत ऋण तथा कृषि-पशुपालन कार्यक्रम सञ्चालन गर्न, बालबालिकाको विद्यालय भर्ना, छात्रवृत्ति तथा बालश्रममुक्त शिक्षाको सुनिश्चितता गर्न र महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम विस्तार गर्न पनि आग्रह गरेको छ।

स्वास्थ्य बीमा, वृद्धभत्ता, अपाङ्गता सहायता तथा अन्य सामाजिक सुरक्षा योजनामा मुक्त हरवाचर वा समुदायलाई प्राथमिकताका साथ समावेश गर्न तथा बाध्यकारी श्रम, ऋण बन्धन र आधुनिक दासत्वको अन्त्यका लागि एकीकृत बाध्यकारी श्रम निषेध तथा पुनर्स्थापना ऐन तत्काल निर्माण र कार्यान्वयन गर्नुपर्ने माग पनि अघि सारिएको छ।

मञ्चका अध्यक्ष दशनलाल मण्डलले मन्त्रालयले समुदायका महिला, बालबालिका तथा सीमान्तकृत परिवारको सम्मानपूर्ण जीवन, समान अवसर, सुरक्षा र सामाजिक न्याय सुनिश्चित गर्न प्रभावकारी पहल गर्ने विश्वास व्यक्त गर्नुभयो। मञ्चले मागपत्रमा समेटिएका विषय तत्काल सम्बोधन गरी मुक्त हर वाचरवा समुदायको न्यायपूर्ण पुनर्स्थापनाका लागि ठोस कदम चाल्न सरकारसँग आग्रह गरेको छ।

# मधेश प्रदेशमा आठ वर्षमा छ मुख्यमन्त्री, पन्चानब्बे मन्त्री



मधेश प्रदेशका मुख्यमन्त्रीहरू लालबाबु राउत, सरोजकुमार यादव (बारा), सतीशकुमार सिंह, जितेन्द्र सोनल, सरोज यादव, कृष्ण यादव (बायाँबाट क्रमशः)

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १८ गते, बर्दिवास**

मधेश केन्द्रित दलकै दबाबका कारण मधेश प्रदेश स्थापना भएको हो तर अहिले त्यही मधेश प्रदेश सरकारमा मधेश केन्द्रित दलहरू छैनन् । पछिल्लो पटक गठन भएको सरकारबाट पहिलो पटक मधेश केन्द्रित दलहरू बाहिर छन् ।

सङ्घीय संरचनामा गएपछि यो नौ वर्षको अवधिमा मधेश प्रदेशमा विभिन्न दलबाट छ जना मुख्यमन्त्री बन्नुभएको छ । त्यसमा चार जना त मधेश केन्द्रित दलबाट नै हुनुहुन्छ । सो अवधिमा राज्यमन्त्रीसमेत गरेर ९५ जना मन्त्री बन्नुभएको मधेश प्रदेशको प्रदेश प्रमुख कार्यालयले जनाएको छ । ९५ जनामध्ये अधिकांश मधेश केन्द्रित दलका रहेका छन् ।

पटक पटक सरकार परिवर्तन तथा मन्त्रीपरिषद् पुनर्गठनले गर्दा मधेश प्रदेश अस्थिरताको अवस्थामा पुगेको छ र त्यसले गर्दा लक्ष्य अनुसार काम हुन नसकेको गुनासो भइरहेको छ । अस्थिर सरकारकै कारण बेरुजु बढ्नुका साथै नीति तथा कार्यक्रम र बजेटले लिएको लक्ष्य पनि पूरा नभएको गुनासो भइरहेको छ । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको तथा सङ्घीय सरकारमा हुने राजनीतिक फेरबदलको प्रत्यक्ष प्रभाव प्रदेश सरकारमा पर्ने गरको बताउनुभयो ।

त्यस्तै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले मधेश सरकार अस्थिर ताको मुख्य कारक जनमत पार्टी रहेको आरोप लगाउनुभयो । उहाँले सरकार गठन हुनासाथ भागबन्डा र मन्त्रीको स्वार्थका कारण पनि मधेश सरकार सङ्कटमा पर्ने गरेको दाबी गर्नुभयो । पूर्वमुख्यमन्त्री सिंहले भन्नुभयो, “मधेश प्रदेशमा सरकार गठन हुनासाथ ढल्ने गरका छन् । जनमत पार्टीमा सम्झौता एउटा दलसँग गर्ने र सरकार बनाउन अर्को दलसँग मिलेमतो गर्ने प्रवृत्ति छ ।” कहिले दुई महिना, कहिले चार महिनामा समर्थन फिर्ता लिएर सरकार ढाल्ने खेलमा जनमत पार्टी लागेको उहाँको भनाइ छ ।

सङ्घीय शासन प्रणालीमार्फत प्रदेशलाई अधिकार सम्पन्न बनाउँदै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्य राखिए पनि मधेश प्रदेशमा सरकार परिवर्तन, गठबन्धन फेरबदल र मन्त्रीपरिषद् विस्तार पुनर्गठनको क्रम निरन्तर दोहोरिँदा राजनीतिक स्थायित्व अझै कायम हुन सकेको छैन । हाल नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मधेश प्रदेशका छैटौँ मुख्यमन्त्री हुनुहुन्छ । २०८२ मङ्सिर १९ गते मुख्यमन्त्री नियुक्त हुनुभएका उहाँले गत सोमबार मन्त्रीपरिषद् पुनर्गठन गर्दै १२ सदस्यीय मन्त्रीपरिषद् गठन गर्नुभएको छ ।

उहाँको नेतृत्वमा मात्र हालसम्म १७ जना प्रदेश सभा सदस्य मन्त्री बनिसक्नुभएको छ । सङ्घीयता कार्यान्वयनपछि प्रदेश सभाको पहिलो कार्यकाल तुलनात्मक रूपमा स्थिर रह्यो । २०७४ फागुन २ गते मुख्यमन्त्रीमा नियुक्त भएका लालबाबु राउतले मात्र आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्नुभयो । यद्यपि उहाँको कार्यकालमा मन्त्रीपरिषद् विस्तार, पुनर्गठन र हेरफेरका क्रममा २० जना मन्त्री तथा राज्यमन्त्री नियुक्त हुनुभएको थियो ।

२०७९ सालको प्रदेश सभा निर्वाचनपछि सुरु भएको दोस्रो कार्यकाल भने राजनीतिक अस्थिरताले प्रभावित बनेको छ । दोस्रो कार्यकालको सुरुवात जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले गर्नुभएको थियो । २०७९ पुस २७ गते मुख्यमन्त्री नियुक्त हुनुभएका यादवले ११ पटक मन्त्रीपरिषद् हेरफेर तथा विस्तार गर्नुभएको थियो । उहाँको कार्यकालमा २५ जना मन्त्री तथा राज्यमन्त्री बन्नुभएको थियो ।

यादव नेतृत्वको सरकार ढलेपछि २०८१ जेठ २५ गते जनमत पार्टीका सतीशकुमार सिंह मुख्यमन्त्री बन्नुभयो । नेकपा (एमाले), तात्कालीन नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टीलगायत दलको समर्थनमा गठन भएको सरकारमा सिंहले मन्त्रीपरिषद् विस्तार गर्दै २० जना मन्त्री तथा राज्यमन्त्री नियुक्त गर्नुभएको थियो ।

त्यसमा विभिन्न दलका राज्यमन्त्री थपिएपछि चर्को आलोचना भएको थियो । आलोचना भएको एक सातापछि राज्यमन्त्रीहरूलाई पदमुक्त गरिएको थियो । उहाँको कार्यकालमा मन्त्रीपरिषद् विस्तार, पुनर्गठन र हेरफेरका क्रममा २७ जना मन्त्री तथा राज्यमन्त्री नियुक्त हुनुभएको थियो ।

सिंह नेतृत्वको सरकार पनि लामो समय टिक्न सकेन । त्यसपछि तात्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्रप्रसाद सोनल २०८२ असोज २९ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभयो । उहाँको नेतृत्वमा तीन सदस्यीय मन्त्रीपरिषद् गठन भएको थियो । विश्वासको मत प्राप्त गर्न नसक्ने अवस्था देखिएपछि उहाँले २०८२ कात्तिक २२ गते राजीनामा दिनुभएको थियो ।

नेता सोनलको राजीनामापछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादवलाई महोत्तरीको एक रिसोर्टमा २०८२ कात्तिक २३ गते मुख्यमन्त्रीमा नियुक्त गर्नुभयो तर उहाँको सरकार पनि विश्वासको मत प्राप्त गर्न नसक्ने निश्चित भएपछि २०८२ मङ्सिर १७ गते ढल्यो । उहाँको कार्यकालमा एमालेका लखन दास तत्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीकी कञ्चन विच्छा र नेपाल सङ्घीय समाजवादी पार्टीकी विमलाकुमारी अन्सारी मात्र मन्त्री बन्न पाउनुभयो ।

लगातार सरकार परिवर्तनको क्रमपछि २०८२ मङ्सिर १९ गते नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का ७७ जना प्रदेश सभा सदस्यको समर्थनमा नेपाली कांग्रेसका मधेश प्रदेशका सभापतिसमेत रहेका प्रदेश सभा सदस्य कृष्ण यादव मुख्यमन्त्रीमा नियुक्त हुनुभयो ।

प्रदेश प्रमुखको कार्यालयका अनुसार प्रदेश सभाको दोस्रो कार्यकालमा मात्र पाँच जना मुख्यमन्त्री फेरिएका छन् । यही अवधिमा १०७ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्री बन्नुभएकाबाहेक गन्ने हो भने ५४ जनाभन्दा बढी प्रदेश सभा सदस्य मन्त्री बनिसक्नुभएको छ । अर्थात् प्रदेश सभाका आधा सदस्य मन्त्री भइसक्नुभएको छ ।

राजनीतिकर्मी बिपी साहले केन्द्रमा हुने गठबन्धन परिवर्तनको प्रत्यक्ष प्रभाव प्रदेश सरकारमा पर्ने गरेकाले मधेश प्रदेशमा अस्थिरता बढेको बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकार गठन र विघटनका अधिकांश निर्णय प्रदेशभन्दा बढी केन्द्रको राजनीतिक समीकरणबाट प्रभावित हुने गरेका छन् ।

जनकपुरका वीरेन्द्र यादव मधेश केन्द्रित दल आन्दोलनको मर्म र जनताको अपेक्षाभन्दा सत्ताको खेलमा बढी केन्द्रित भएको देखिएको बताउनुभयो । अन्य प्रदेशभन्दा मधेश प्रदेशमा अलि सत्ताको खेल बढी हुने गरेको उहाँले बताउनुभयो ।

-गोरखापत्र






खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,